वैठक संख्या : ७१
मिति :- २०७७/०३/०८ गते (सोमवार)
समय :- दिनको १ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको वैठक वस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिड | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिड | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री पुरुषोतम सुवेदी | सदस्य- सचिव प्र. प्र. अ. |

श्री सुशिल शर्मा
श्री रुकेन्द्र कुमार कार्की
श्री भुपेन्द्र ध्वज बस्नेत
श्री सागर कुमार ढकाल

**निर्णय नं. १** :- कमलामाई नगरपालिका स्थित प्राविधिक शिक्षालयको पूर्वाधार विकासमा विनियोजित रु.१ करोड अनुदान तर्फको रकमवाट उक्त शिक्षालयवाट रु.७५ लाख पेश्की प्राप्त गरी क.न.पा.८ मा जग्गा खरीद गरेको प्रमाण पेश भएकोले उक्त खरिद कार्य स्वीकृत गरी भुक्तानी वाकी रहेको थप रु.२५ लाख भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.** २ :- वडा नं. १४ स्थित चन्दनपुर उच्च मावि हुदै विहाडेटोल सम्म सडक मर्मत र नर्सरी खिरखिरे देखि वडा कार्यालय सम्म वाटो मर्मत योजना सम्बन्धमा जिल्ला अदालात मा मुद्धा दर्ता भई सो अदालतवाट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा काम रोक्ने भनि स्टेअर्डर प्राप्त भएको तर उक्त योजनाहरु कार्यसम्पन्न भई भुक्तानी को लागि पेश भएको हुदाँ कार्य सम्पन्न भएका हद सम्मको नियमानुसार प्रक्रिया पुरा गरि भुक्तानी दिने र वाकी एउटा योजना को वाकी कार्य रोक्का गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**:- चालु आर्थिक वर्षमा कमलामाई नगरपालिकाको पार्कको स्तरन्नोतीको केही कार्य वाकी रहेको हुँदा नगर सौन्दर्यीकरण कार्यक्रमवाट रु.५,००,०००।- सम्म खर्च गरी वाकी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** :- सवारी साधान मर्मत वापत पेश भएको विल अनुसार सशस्त्र प्रहरी सिन्धुली लाई कन्टिजेन्सी खर्च वाट रु.१,१५,०००।- र भिमान प्रहरी चौकी, सिन्धुली लाई रु.१,५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**:- स्थानीय विकास साझेदारी (संघ) तर्फको कार्यक्रम आगामी वर्षका लागि म्याद थप नहुने तर उक्त शिर्षकको खर्च नभएको रकम कोभिड- १९ का लागि खोलिएको कोषमा सार्न सकिने भनि नेपाल सरकारवाट निर्णय भएको हुँदा उक्त कार्यक्रमवाट वाट संचालन गर्ने गर्ने र प्रकाशन गरिएका सिन्धुली बहुमुखी क्याम्पस पूर्वाधार को लागि ७२ लाख तिस हजार र नगरपालिका सभाहल निर्माणको लागि एक करोड रकम गरी जम्मा रु.एक करोड ७२ लाख तिस हजार को ठेक्का रद्ध गरी उक्त रकम कोभिड १९ रोकथामको लागि नेपाल सरकारवाट भएको निर्णय अनुसार नै प्रकोप व्यवास्थापन कोषमा गर्ने निर्णय गरि दिन जिल्ला समन्वय समिति मार्फत संयोज समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को मिति २०७७।०१।०६ को पत्र साथ प्राप्त भुमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश ,२०७६ सम्बन्धी जानकारी भयो र सो सम्बन्धी विवरण तयार गर्न वडा कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.८ :-** स्थानीय सरकार संचालन ऐन ,२०७४ मा उल्लेख भए अनुसार कामदार र निर्माण सामाग्रीको सम्बन्धित स्थानीय तहले आफनो स्थानीय तहको लागि दररेट आषाड १५ गते भित्र निर्धारण गर्नु पर्ने भनी व्यवस्था भए अनुसार यस नगरपालिका जिल्लाको सदरमुकाममा रहेको हुँदा आगामी आ.व.को दररेट जिल्ला दररेट समेतको अध्ययन गरी निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :-** नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्नको लागि नक्सा पास गर्दा ग्राउण्ड कभरेज नपुगी प्रथम र दोश्रो चरणको अनुमति दिई सकेको अवस्थामा निर्माण सम्पन्न प्रमाण पत्र उपलब्धता को लागि माग भएकोमा र निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराउने निर्णय गरियो । साथै वन्दरुपमा सिसाको भ्यान्टिलेसन राखिएकोमा १८"X ३६" सम्मको उज्यालोको लागि मात्र राखिएको वन्द भ्यान्टिलेशन सधियार वाट विरोध नभएको अवस्थालाई मान्यता दिने निर्णय गरियो ।

**निर्णय नं. १०:-** जिल्ला व्याडमिन्टन संघ सिन्धुली लाई राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता संचालन वापतको रुं ~~एक~~ १५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११ :-** आगामी ७ औ नगरसभामा प्रस्तुत हुने निति तथा कार्यक्रम वजेट एंव राजस्वका दरहरु सम्बन्धी विवरण पेश भयो ।

**निर्णय नं. १२ :-** नगरपालिकाको आन्तरिक आम्दानी तर्फ ठेक्का वाट संचालन गरीने आयका लागि आ.व.०७६।०७७ मा कायम भएको ठेका अंकलाई ~~नै आयका लागि आ.व.०७६।०७७ मा कायम भएको ठेक्का अंकलाई नै~~ न्युनतम अंक कायम गरी आ.व.०७७/७८ लागि ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं २ र ३ मुद्दामा उल्लेख भएको निर्णय प्रति हाम्रो असम्मति